# सिस्ने गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७७

**सभाबाट स्विकृत मिति:२०७७।०३।३१**

**प्रस्तावना:** सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिस्ने गाउँ सभाले आर्थिक ऐन २०७७ बनाएको छ।
**संक्षिप्त नाम र प्रारम्भ:** यस ऐनको नाम "सिस्ने गाउँपालिकाको आर्थिक ऐन २०७७" रहेको छ।

यो ऐन २०७७ साल श्रावण १ गतेदेखि सिस्ने गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

१. **सम्पति कर:** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।
२. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।
३. **घर बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन , घर,पसल,ग्यारेज,गोदाम,टहरा,छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।
४. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।
५. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रधित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।
६. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
७. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
८. **मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण , रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिप प्लायर र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप प्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **पर्यटन शुल्कः** सिस्ने गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क,चिडियाखाना,ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरेवापत पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **फोहोरमैला व्यवस्थापन शुल्कः** सिस्ने गाउँपालिकाका शहरी वस्तिहरुको फोहोर व्यवस्थापनका लागि अनुसूची १४ बमोजिमको फोहोरमैला शुल्क लगाइनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

**अनुसूची १**
**(दफा १ सँग सम्बन्धित)**
**सम्पती कर**

| **क्र.सं.** | **सेवाका प्रकार तथा विवरण** | **आ.व २०७७।०७८ का लागि स्विकृत** | **दर रेट** | **कैफियत** |
|---|---|---|---|---|
| १ | पक्कीघर | RCC ढलान घर (प्रति तला) | १० ।- | |
| २ | | माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरेको | ८ ।- | |
| २ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, सिलेट/ ढुङ्गाले छाएको | ७ ।- | |
| | | माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको | ६ ।- | |
| | | माटो र ढुङ्गाले बनेको, खरको छाना भएको | ५ ।- | |
| ३ | पुरानो घर अभिलेखिकरण | नक्सपास नगरी बनाएका | ५ प्रति वर्ग फिट | |

**अनुसूची २**
**(दफा २ सँग सम्बन्धित)**
**भूमिकर (मालपोत)**

| **क्र.सं.** | **सेवाका प्रकार तथा विवरण** | **आ.व २०७७।०७८ का लागि स्विकृत** | **दर रेट** | **कैफियत** |
|---|---|---|---|---|
| १ | जग्गा रजिष्ट्रेशन शुल्क | ४.००% | | |
| २ | मालपोत कर | अब्बल (५०० ब.मि.) | १५ ।- | |
| | | दोय(५०० ब.मि.)म | १२ ।- | |
| | | सीम(५०० ब.मि.) | १० ।- | |
| | | चाहार (५०० ब.मि.) | ८ ।- | |
| ३ | जम्मा दा.खा | कूल मुल्यको | ०.५% | सरकारी कार्यालयलाई निशुल्क |

**अनुसूची ३**
**(दफा ३ सँग सम्बन्धित)**

**घर जग्गा बहाल कर**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल कर | कोठा वा घरभाडाको | १०% | |
| क | "क" श्रेणीका अन्यमुख्य बजार क्षेत्रमाछिप्रिदह, चोकबजार, कमलदह,पोखरा र गाउँपालिकाकार्यालय रहेको क्षेत्र वरिपरि | आवास | २००० ।- | |
| | | पसल/व्यवसाय | ३५०० ।- | |
| | | ठूलोघुम्ती/ढेप्री | १००० ।- | |
| | | सानोघुम्ती/ढेप्री(एक सटर वा सोभन्दा सानो आकार) | ५०० ।- | |
| ख | "ख" श्रेणीका अन्यमुख्य बजार क्षेत्र (नायगाड, सिस्नेरी, धपे) | आवास | ५०० ।- | |
| | | पसल/व्यवसाय | १००० ।- | |
| | | घुम्ती/ढेप्री | ५०० ।- | |
| ग | अन्य | ग्यारेज | १००० | |
| | | घुम्ती/ढेप्री | २०० | |

**अनुसूची ४**

**(दफा ४ सँग सम्बन्धित)**

**व्यवसाय कर (वार्षिक)**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | गल्ला/किराना पसल | थोक | १०००० | |
| | | खुद्रा | ५००० | |
| | | कम पूजी भएका किराना (ग्रामीण) (१ लाखभन्दा कम) | १००० | |
| २ | कपडा/फेन्सी/जुत्ता/चप्पल/ब्याग/कस्मेटिक पसल | थोक | १०००० | |
| | | खुद्रा | ५००० | |
| ३ | लेडिज/जेन्सपार्लर/सैलुन व्यवसाय | पार्लर तथा कपाल काट्ने व्यवसाय | १००० | |
| ४ | होटल व्यवसाय | लजिङ फुडिङ सेवाको होटल | १०००० | |
| | | खाना, चिया, नास्ता होटल | २५०० | |
| ५ | उद्योग | क्रसर उद्योग | १५००० | |
| | | ग्रिलउद्योग | १०००० | |
| | | काष्ठ/फर्निचर (ठूला पूँजी) | १०००० | |

| | | | | |
|---|---|---|---|---|
| | | काष्ठ/फर्निचर (साना पूँजी) | ५००० | |
| | | कागज उद्योग | ५००० | |
| | | पानी उद्योग | ५००० | |
| | | स्थानीय कच्चा पदार्थमा आधारित अन्य उद्योगहरु | २००० | |
| | | उद्योग तथा व्यवसाय सञ्चालन अनुमति प्रदान | ०.२% | |
| ६ | ढुंगा तथा गिट्टी बालुवा बिक्री | प्रति ट्रिप ट्रेक्टर | ६०० | |
| | | प्रति ट्रिप ट्रिपर | १२०० | |
| ७ | सिलाई कटाई | टेलरिङसुविधा | १००० | |
| | | साधारणसिलाई कटाई | ५०० | |
| ८ | मदिरा पसल | वितरक | १५००० | |
| | | थोकबिक्रेता | १०००० | |
| | | खुद्रा | ५००० | |
| ९ | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी पसल | बढीपूँजी (५ लाख भन्दा माथि) | १०००० | |
| | | कमपूँजी (५ लाख भन्दा कम ) | ५००० | |
| १० | इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,अडियो,भिडियो आदी) | बढीपूँजी (५ लाख भन्दा माथि) | १०००० | |
| | | कमपूँजी (५ लाख भन्दा कम) | ५००० | |
| ११ | क्लिनिक,पोलिक्लिनिक,सामुदायिक अस्पताल | क्लिनिक | ५००० | |
| | | पोलिक्लिनिक | १०००० | |
| | | सामुदायिक अस्पताल | १५००० | |
| १२ | इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत) | बढीपूँजी (५ लाख भन्दा माथि) | ५००० | |
| | | कमपूँजी (५ लाख भन्दा कम) | २५०० | |
| १३ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प (आधिकारिक बिक्रेता) | १५००० | |
| | | पेट्रोल पम्प (साधारण बिक्रेता) | **१००००** | |
| | | प्याङ बिक्रेता | **५०००** | |
| | | ग्याँस सिलिण्डर सब डिलर | **५०००** | |
| | | मट्टितेल मात्र बिक्रि | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्वल/स्टिल/आल्मुनियम पसल | थोक | १५००० | |
| | | खुद्रा | ८००० | |
| १५ | भाँडा पसल (सबै खाले) | थोक | १०००० | |
| | | खुद्रा | ५००० | |
| १६ | स्टेसनरी तथा पुस्तक पसल | थोक | ६००० | |
| | | खुद्रा | ३००० | |
| १७ | पार्किङ व्यवसाय | | ५०० | |
| १८ | फलफुल तथा तरकारी पसल | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| १९ | पानी घट्ट | ६ महिना भन्दा कम चल्ने | ३०० | |
| | | ६ महिना भन्दा बढी चल्ने | ५०० | |
| २० | खाने पानी, सिञ्चाईका लागि मुहान | दर्ता शुल्क | ५००० | |
| | | नविकरण शुल्क | १००० | |
| २१ | लघु जलविद्युत दर्ता र सञ्चालन | दर्ता शुल्क | ५००० | |
| | | नविकरण शुल्क | २००० | |
| २२ | वित्तीय क्षेत्र | वित्तीय संस्था स्थापना/सञ्चालन सहमति वा अनुमति | ५००० | |
| | | बहुउदेश्यीय सहकारी दर्ता शुल् | ५००० | |
| | | बचत तथा ऋण सहकारी फाइनान्स कम्पनी/ बैंक व्यवसाय कर | ५००० | |
| | | मनिट्रान्सफर, लघु वित्त | ३००० | |
| २३ | निजि (संस्थागत) शैक्षिक संस्था दर्ता | | १५००० | |
| २४ | शैक्षिक संस्था (संस्थागत) कक्षा थप | प्रति कक्षा संख्या | २००० | |
| २५ | शैशिक संस्था कक्षाथप (सामुदायिक) | प्रति कक्षा संख्या | १००० | |
| २६ | मिल | कुटानी/ पिसानी | १५०० | |
| | | पेलानी | २००० | |
| २७ | सुनचाँदी पसल | गरगहना निर्माण तथा खरिद बिक्री | ५००० | |
| २८ | मर्मत पसल | मोटर पार्टस बिक्री तथा मर्मत | ५००० | |
| २९ | पेन्टर पसल | पेन्टीङ/साइन बोर्ड तथा ब्यानर लेख्ने काम | ३००० | |
| ३० | मासु पसल (फ्रेस हाउस) | मासु बेच्ने पसल | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | बधशाला | मासु काटेर थोकमा बिक्री गर्ने | १०००० | |
| ३२ | निर्माण व्यवसाय | "घ" वर्गको निर्माण व्यवसाय नयाँ दर्ता शुल्क | १५००० | |
| | | "घ" वर्गको निर्माण व्यवसाय नविकरण दर्ता शुल्क | ५००० | |
| ३३ | पुल हाउस व्यवसाय | पुल हाउस लगायतका व्यवसाय | ५००० | |
| ३४ | झोला कुम्लाको व्यापारी | पाटके शुल्क प्रतिपटक (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागु हुने) | १२०० | |
| ३५ | पशु चौपाया | बथानमा हुने व्यापार (प्रति) | २० | |
| ३६ | व्यवसायीक कृषि दर्ता (भैंसी फार्म/ कुखुरा फार्म) | नयाँ तथा नविकरण दर्ता | १००० | रु. १ देखि रु. ५ लाखसम्म |
| | | नयाँ तथा नविकरण दर्ता | २००० | रु. ५ देखि रु. १० लाखसम्म |
| ३७ | अन्य नतोकिएको व्यवसाय | यस एनमा उल्लेख भएबाहेक | ३००० | |
| ३८ | छापाखाना तथा अफसेट प्रेस | छपाइ सम्बन्धी व्यवसाय | १०००० | |
| **नोट: व्यवसाय दर्ता गरेपछि प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने छ ।** | | | | |

**अनुसूची ५**

**(दफा ५ सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | जडिबुटी | पाँच औंले, घोडाताप्रे, सतुवा, वनआलु लगायतका सबै प्रकारका जडिबुटिहरुको प्रचलित बजार मूल्यको | ५.००% | |
| २ | भिर मौरीको मह | प्रचलित बजार मुल्यको (न्युनतम) | ५.००% | |
| ३ | कवाडि माल | सिसा, कागज, प्लाष्टिक प्रति किलो | ०.५% | |
| ४ | खोटो | प्रति लिटर/किलो | ०.५ | |
| ५ | काठ | प्रतिघन फिट | रु. ५ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | निजि बन अन्तर्गत रुख कटानी आदेश | | रु. ५०० | |
| ७ | चिरानी लगत प्रमाणित | | रु. २०० | |
| ८ | छुट पुर्जी लगत प्रमाणित | | रु. ५०० | |
| ९ | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख | कूल मूल्यको | रु. २.००% | |
| १० | हेम लगायत अन्य धागो निकासी | प्रति किलो | रु. ५ | |

## अनुसूची ६
**(दफा ६ सँग सम्बन्धित)**
**सवारी साधन कर**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | आवत जावत एक पटक | रु. ५ | |
| २ | कार/जिप/भ्यान | आवत जावत एक पटक | रु. १५ | |
| ३ | ट्याक्टर | आवत जावत एक पटक | रु. २० | |
| ४ | मिनि बस/मिनी ट्रक | आवत जावत एक पटक | रु. २५ | |
| ५ | बस/ट्रक | आवत जावत एक पटक | रु. ३० | |
| ६ | हेभी गाडी/ डोजर/क्रेन | आवत जावत एक पटक | रु. ५० | |

## अनुसूची ७
**(दफा ७ सँग सम्बन्धित)**
**विज्ञापन कर**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | होर्डिङबोर्ड | प्रतिवर्ग फिट | ५० - | |
| २ | रङ्गिन विज्ञापन (फ्लेक्स) | प्रतिवर्ग फिट | २५।- | |
| ३ | अन्य पोष्टर, पम्पलेट | प्रतिवर्ग फिट | १०।- | |
| ४ | डिजीटल डिस्प्ले | प्रति वर्ग फुट | ५०।- | |
| ५ | पर्खाल, बार, भित्तामा कम्पनी संस्थाको रंग पोतेको | प्रति वर्ग फुट | १००।- | |
| ६ | साइन बोर्ड, होडिङ बोर्ड | प्रति वर्ग फुट | २००।- | |

## अनुसूची ८
**(दफा ८ सँग सम्बन्धित)**

**मनोरञ्जन कर**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | मेला महोत्सव सरकस जादु चटके खेलकूद लगायत अन्य मनोरञ्जनात्मक | १ दिन | २५००।- | प्रदेश सरकारले तोके बमोजिम |
| | | ७ दिन सम्म | १२०००।- | |
| | | ८ देखि १५ दिन सम्म | २५०००।- | |
| | | १६ देखि ३० दिन सम्म | ३७०००।- | |

**अनुसूची ९**

**(दफा ९ सँग सम्बन्धित)**

**बहाल बिटौरी शुल्क**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | टहरा नबनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार) | (वार्षिक) प्रति वर्ग मिटर | ५०।- | |
| २ | टहरा नबनाई सार्वजनिक जग्गा बहाल (मुख्य बजार बाहेक) | (वार्षिक) प्रति वर्ग मिटर | २५।- | |
| ३ | सार्वजनिक स्थलमा ढुङ्गा, माटो, इटा ,गिट्टि,बालुवा, सरीया लगायत अन्य सामाग्री थुपारे वापत | प्रति दिन | १०।- | |
| ४ | निर्माण, रेखदेख मर्मत सम्भार खर्च | अनुसूची २ को घर बहाल करमा तोकिएको न्यूनतम् भाडा दर बमोजिम | | |

**अनुसूची १०**

**(दफा १० सँग सम्बन्धित)**

**पार्किङ शुल्क**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | एक दिन (२४ घण्टा ) | ५।- | |
| २ | कार/जिप/भ्यान | एक दिन (२४ घण्टा ) | २५।- | |
| ३ | ट्याक्टर | एक दिन (२४ घण्टा ) | २५।- | |
| ४ | मिनि बस/मिनी ट्रक | एक दिन (२४ घण्टा ) | ३०।- | |
| ५ | बस/ट्रक | एक दिन (२४ घण्टा ) | ५०।- | |

| | | | | |
|---|---|---|---|---|
| ६ | हेभी गाडी/ डोजर/क्रेन | एक दिन (२४ घण्टा ) | ७५।- | |

**अनुसूची ११**

**(दफा ११ सँग सम्बन्धित)**

**ट्रेकिङ, कोयोडिक, क्यनोइड, बन्जी जम्पिङ, र्याफ्टिङ**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | स्वदेशी | प्रति दिन प्रति व्यक्ति | २०।- | |
| २ | विदेशी | प्रति दिन प्रति व्यक्ति | १००।- | |

**अनुसूची १२**

**(दफा १२ सँग सम्बन्धित)**

**सेवा शुल्क**

| **क्र.सं.** | **सेवाका प्रकार तथा विवरण** | **आ.व २०७७।०७८ का लागि स्विकृत** | **दर रेट** | **कैफियत** |
|---|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | १५०।- | |
| २ | | जन्म मिति प्रमाणित गर्ने, गराउने | १५०।- | |
| ३ | | विवाहित प्रमाणित | २००।- | |
| ४ | | अविवाहित प्रमाणित गर्ने | ५००।- | |
| ५ | | घर पाताल प्रमाणित गर्ने | ३००।- | |
| ६ | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २००।- | |
| ७ | | जीवितसँगको नाता प्रमाणित गर्ने | १५०।- | |
| ८ | | हकवाला वा हकदार प्रमाणित गर्ने | ५००।- | |
| ९ | | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | २००।- | |
| १० | | जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित गर्ने | ५००।- | |
| ११ | | आर्थिक अवस्था कमजोर, द्धन्द पिडित वा विपन्नता प्रमाणित | ० ।- | द्धन्द पिडितको हकमा |
| १२ | | संरक्षक प्रमाणित गर्ने | १५०।- | |
| १३ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणत | | |
| १४ | सिफारिश शुल्क | अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने | ३००।- | |
| १५ | | अपाङ्ग सिफारिश | ० | |
| १६ | | नाबालक परिचयपत्र सिफारिस | ५०।- | |
| १७ | | व्यक्तिगत संरक्षक सिफारिश गर्ने | ० | |
| १८ | | संस्थागत संरक्षक सिफारिश गर्ने | १५०।- | |
| १९ | | नागरिकता सिफारिश | १५०।- | |
| २० | | नागरिकता प्रतिलिपी सिफारिश | १५०।- | |
| २१ | | वैवाहिक अङ्गकृत नागरिकता सिफारिस | २००।- | |

| | | | | |
|---|---|---|---|---|
| २२ | | छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क) | १५०।- | |
| २३ | | बहाल करको लेखाजोखा सिफारिस | १५०।- | |
| २४ | | मोही लगत कट्टाको सिफारिस | १५०।- | |
| २५ | | घरजग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | २००।- | |
| २६ | | व्यापार व्यवसाय बन्दभएको सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश गर्ने | १००।- | |
| २७ | | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने | ५००।- | |
| २८ | | अपाङ्गता सिफारिस | नि:शुल्क | |
| २९ | | सिप आर्जन तथा शैक्षिक अवसरका लागि आवेदन सिफारिश | नि:शुल्क | |
| ३० | | नि:शुल्क स्वास्थ्य उपचार सिफारिस | ० | |
| ३१ | | सशुल्क स्वास्थ्य उपचार सिफारिश | १००।- | |
| ३२ | | पूर्जामा पक्की घर कायम गर्न सिफारिस (प्रति वर्ग मि) घरले चर्चेको | ५।- | |
| ३३ | | पूर्जामा पक्की घर कायम गर्न सिफारिस (प्रति वर्ग मि) | ३।- | |
| ३४ | | चार किल्ला सिमाना कायम/प्रमाणित | ५००।- | |
| ३५ | | फरक-फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भने सिफारिस | २००।- | |
| ३६ | | नाम, थर वा जन्ममिति संशोधनको सिफारिश | २००।- | |
| ३७ | | जग्गा दर्ता सिफारिश | ३००।- | |
| ३८ | | ज्गा धनी पूर्जा हराएको सिफारिश | २००।- | |
| ३९ | | कित्ताकाट गर्न सिफारिश | २००।- | |
| ४० | | नामसारी गर्न सिफारिस | २००।- | |
| ४१ | | जग्गाको हक सम्बन्धमा सिफारिस | २००।- | |
| ४२ | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | १५०।- | |
| ४३ | | जीवित रहेको सिफारिश | १५०।- | |
| ४४ | | उद्योग ठाउँसारी गर्न सिफारिश | ५००।- | |
| ४५ | | विद्यालय खोल्न सिफारिश | ५००।- | |
| ४६ | | विद्यालयको कक्षा कोठा थप्ने सिफारिश (प्रति कक्षा) | ५००।- | |
| ४७ | | विद्यालय ठाउँसारी गर्न सिफारिस | २००।- | |
| ४८ | | पालन पोषणका लागि सिफारिस | ० | |
| ४९ | | धारा जडानको लागि सिफारिस | ५०।- | |
| ५० | | विद्युत जडानको लागि सिफारिस | ५०।- | |
| ५१ | | टेलिफोन जडानको लागि सिफारिस | ५०।- | |

| | | | | |
|---|---|---|---|---|
| ५२ | | संस्था दर्ता सिफारिस | ५००।- | |
| ५३ | | परामर्श सेवा दर्ता सिफारिस | ५००।- | |
| ५४ | | आय स्रोत प्रमाणित प्रति लाख | ५०।- | |
| ५५ | शिक्षा सम्बन्धी | कक्षा ८ को मार्कसिट प्रतिलिपी | २००।- | |
| ५६ | | शिक्षक सरुवा सहमति/अनुमति (आ.वि) | १५००।- | |
| ५७ | | शिक्षक सरुवा सहमति/अनुमति (आ.वि) | १०००।- | |
| ५८ | कोठा खोल्ने कार्य/रोहबरमा बस्ने | | ५००।- | |
| ५९ | सर्जिमिन मुचुल्का | | ५००।- | |
| ६० | योजना सम्झौता सिफारिस | | २००।- | |
| ६१ | योजना/कार्यक्रमको भुक्तानी/फरफारक | सिफारिस शुल्क | २००।- | |
| | | १ लाख सम्म | ५००।- | जाँचपास फरफारक शुल्क |
| | | १ देखि ५ लाख सम्म | १०००।- | जाँचपास फरफारक शुल्क |
| | | ५ देखि १० लाख सम्म | २०००।- | जाँचपास फरफारक शुल्क |
| | | १० लाख भन्दा माथि | ५०००।- | जाँचपास फरफारक शुल्क |
| ६२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | | ५००।- | |
| ६३ | उद्योग दर्ता सिफारिस | | ५००।- | |
| ६४ | कोर्ट फि मिनाहा सिफारिस | | ० | |
| ६५ | मिलापत्र शुल्क | | ५००।- | |
| ६६ | चौपाया सम्बन्धी सिफारिस | प्रति चौपाया | २०।- | |
| ६७ | आयात निर्यातमा चौपाय स्वास्थ्य जाँच तथा निकासी प्रति चौपाय सिफारिस शुल्क | भैंसी/राँगो | २००।- | |
| | | भैंसी/राँगो (१ देखि २ वर्ष) | १००।- | |
| | | गाई/गोरु | ५०।- | |
| | | बाख्रा/भेडा/खसी/बेका | ५०।- | |
| | | कुखुरा/हाँस | ५।- | |
| | | कुखुरा/हाँस चल्ला | १।- | |
| ६८ | घर जग्गा नक्सा पास दस्तुर | पक्की घर (नयाँ रु) | ३ प्रति वर्ग फिट | |

| | | | | |
|---|---|---|---|---|
| | | पक्की घर (पुराना) | ५ प्रति वर्ग फिट | |
| | | कच्ची घर | १०००।- | |
| ६९ | घर सम्पन्न सिफारिस | पक्की घर | १०००।- | |
| | | कच्ची घर | ५००।- | |
| ७० | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र नि:शुल्क) | जन्म दर्ता | ५०।- | |
| | | मृत्यु दर्ता | ५०।- | |
| | | विवाह दर्ता | ५०।- | |
| | | बसाइसराइ (आउने/जाने) | ५०।- | |
| | | सम्बन्ध बिच्छेद | ५०।- | |
| ७१ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी (विपत्ति तथा प्रकोपबाट नष्ट भएको प्रमाणित भएमा नि:शुल्क) | | ३००।- | |

## अनुसूची १३

**(दफा १३ सँग सम्बन्धित)**

**पर्यटन शुल्क**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | दृष्यावलोकन | स्था नीय | १०।- | |
| | | स्वदेशी | २५।- | |
| | | विदेशी | १००।- | |
| २ | अध्ययन भ्रमण | स्थानीय | १०।- | |
| | | स्वदेशी | २५।- | |
| | | विदेशी | १००।- | |

## अनुसूची १५

**(दफा १५ सँग सम्बन्धित)**

**फोहोर मैला व्यवस्थापन शुल्क**

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | आ.व २०७७।०७८ का लागि स्विकृत | दर रेट | कैफियत |
|---|---|---|---|---|
| 1 | होटल व्यवसाय (लज/ गेस्ट हाउस) | वार्षिक | २४००।- | |
| २ | चिया/ नास्ता पसल | वार्षिक | ८००।- | |
| ३ | हार्डवेयर पसल | वार्षिक | १०००।- | |
| ४ | फेन्सी पसल | वार्षिक | १०००।- | |
| | किराना पसल सानो | वार्षिक | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | किराना पसल ठूलो | वार्षिक | १०००।- | |
| ६ | गल्ला पसल | वार्षिक | १२००।- | |
| ७ | घरबाट निस्कने फोहर | वार्षिक | ५००।- | |
| ८ | ईलेक्ट्रोनिक पसल | वार्षिक | १०००।- | |
| ९ | पुस्तक पसल | वार्षिक | १०००।- | |
| १० | कस्मेटीक पसल | वार्षिक | १०००।- | |
| ११ | मासु पसल | वार्षिक | १०००।- | |
| १२ | छापखाना | वार्षिक | १६००।- | |
| १३ | सैलुन | वार्षिक | १५००।- | |
| १४ | फर्निचर उद्योग | वार्षिक | ८००।- | |
| १५ | शैक्षिक संस्थाहरु (विद्यालय, क्याम्पस) | वार्षिक | १५००।- | |
| १६ | कार्यालयहरु, संघसंस्थाहरु | वार्षिक | १५००।- | |
| १७ | ग्यारेज | वार्षिक | १६००।- | |
| १८ | सिलाई कटाई | वार्षिक | ८००।- | |
| १९ | मेडिकल | वार्षिक | १५००।- | |
| २० | अस्पताल (सर्जिकल) | वार्षिक | २४००।- | |
| २१ | पेट्रोलियम पदार्थ वितरक | वार्षिक | १२००।- | |
| २२ | सुनचाँदी पसल | वार्षिक | १०००।- | |